# वर्ल्ड भिजन-आपूर्तिकर्ता आचार संहिता

## अन्तिम अद्यावधिकः जुन २०२१

वर्ल्ड भिजन बालबालिका केन्द्रित राहत, विकास र पैरवी गर्ने संस्था हो जसले विश्वमा जोखिममा रहेका लाखौं बालबालिका जीवनमा परिवर्तन ल्याउन सहयोग पुऱ्याएको छ। वर्ल्ड भिजनले स्थानीय समुदायहरु, नागरिक समाज, सरकार तथा निजी क्षेत्रसगँको समन्वय, पारस्परिक सहभागिता, आपसी विश्वास, उत्तरदायित्व र जिम्मेवारी मार्फत साझा लक्ष्य र दृष्टिकोण बनाउँदै बालबालिकाको हितमा काम गर्न सकिन्छ भन्ने विश्वास राख्दछ। हामी इसाई आस्थामा आधारित संस्था हौ, जसले जातजाति, सम्प्रदाय लिङ्ग वा धर्मको आधारमा भेदभाव नगरी बालबालिका र परिवारहरु सबैको सेवा गर्दछ।

वर्ल्ड भिजन आफ्ना कार्यक्रमहरुमा बालबालिका तथा वयस्कहरुको सुरक्षाका साथै आफ्ना खरिद क्रियाकलापहरुमा उच्चतम नैतिक एवम सदाचारका मापदण्डहरुको पालन गर्न दृढतापुर्वक प्रतिबद्द छ॥ दैनिक हुने कारोबार देखी लिएर हरेक खरीद कारोबारमा यस आपूर्तिकर्ता सम्बन्धी आचार सहिंताले अन्तराष्ट्रिय स्तरको खरीद नैतिक मान्यता सुनिश्चितता प्रदान गर्ने गरी एक प्रकारको सिद्धान्त र व्यवहार निर्धारण गरेको छ। यस मान्यता अनुसार राम्रो व्यवसायिक अभ्यासका लागी उच्च स्तरीयता कायम गर्नुपर्ने अपरीहार्य देखीन्छ। वर्ल्ड भिजन र भिजन फण्ड (WV/VF) को हरेक शाखाको कर्मचारीहरु देखी लिएर आपूर्तिकर्ता, कन्ट्रयाक्ट्रर (ठेकेदार), स्वयंसेवक र बोर्ड सदस्यहरुमा यो आचार सहिंता लागु हुनेछ। हामीले वर्ल्ड भिजनका दाताका नियमानुरुप कार्य सुनिश्चितताका लागी दाता खरीद आवश्यकताहरु जहाँ-जहाँ लागु हुन्छ त्यहाँ पालना गर्ने गर्दछौं। आपूर्तिकर्ता र तिनीहरुका सहकार्यकर्ताले, यी सिद्धान्तहरु पालना गर्दै सम्झौतालाई स्वीकार गर्ने भन्ने हेतुले आचार सहिंतामा अनिवार्य हस्ताक्षर गर्नुपर्नेछ ।

**<u>वर्ल्ड भिजनले आफ्ना आपूर्तिकर्ताहरुबाट निम्न कुराहरु अपेक्षा गर्दछ :</u>**

१) कम खर्चमा अधिकतम लाभ

क) सक्रिय रुपमा नतिजाहरु प्रस्तुत गर्नुका साथै प्रस्तुत भएका नतिजाहरु सुधार, र दीर्घकालीन सम्झौता र/वा खरीद आदेशबाट लागत रकम घटाउने।

ख) आवश्यकता र जोखीमहरु प्रष्टाउने उचित र इमान्दारीपूर्वक मूल्य निर्धारण गर्ने।

ग) सस्था तथा बृहत आपुर्ती चक्रको सुधार गर्न र अपव्यय घटाउदै लाने कार्यको सुधारको लागी निरन्तर सक्रिय अनुसरण गर्ने।

घ) अत्याधिक नभई निष्पक्ष प्रतिफल हासील गर्ने।

२) व्यावसायिक तवर र निष्ठाका साथ कार्य गर्ने।

क) बोली लगाउने क्रममा क्षमता र दक्षतामा इमान्दारी र यथार्थपरक हुने।



Initial___________

ख) आपूर्तिर्कताले आफ्नो आपूर्तिकर्ता र सह-कन्ट्रयाक्ट्रसँग काम गर्दा यही आचार सहिंताको सिद्धान्त अनुसार कार्य गरीयोस र त्यही अनुरुपको आवश्यक परेको बखतमा प्रस्तुत गर्न सकोस भन्ने  वर्ल्ड भिजनले अपेक्षा राख्दछ ।

ग) वर्ल्ड भिजनका कर्मचारी लगायत अन्यसँग व्यवसायीक सम्बन्ध निर्माण गर्ने हिसाबले सहकार्यपूर्ण कार्य गर्ने ।

घ) वर्ल्ड भिजनसँग परिपक्व र नैतिक व्यावसायिक सम्बन्धको विकासमा सहयोग मिल्ने किसिमको कार्य गर्ने ।

ङ) सामाजीक दायित्व समेट्ने किसीमको प्रष्ट र सक्रीय प्रतिबद्धता प्रस्तुत गर्ने ।

च) तीन वर्षयता दायेर भएका कुनै त्येस्ता कानुनी फैसला छन् भने त्यसबारे प्रष्ट्याउने ।

३) यी कुराहरुमा उत्तरदायी हुनुहोस्:

क) रकम भुक्तानीमा परिणाम र कार्य जोखीमको  अधिक सन्तुलित वितरण झल्कीने गरी मुल्य निर्धारण  संरचनो लागु गर्ने ।

ख) कुनै चिज बिग्रदा त्यो कुरालाई इमान्दारीपूर्वक स्वीकार गरेर जावाफदेही हुने र भविष्यको लागी त्यही कुरा सीकाइ हुनेछ भन्ने अपेक्षा राख्ने ।

४) वर्ल्ड भिजनसँग सम्बद्ध रहनुहोस्

क) विशिष्ट मानिएका प्रतिबन्धात्मक सम्झौताबाट टाढै रही स्थानीय बजार र संस्थाहरुको विकासको निम्ती बाटो तथा उपायहरु खोज्दै स्थानीय क्षमता निमार्णमा जोड दिने ।

ख) नाजुक र द्धन्द प्रभावित क्षेत्रहरु सहित वर्ल्ड भिजनको सबै कार्यालयहरुका लागी काम गर्न सक्षम रहने ।

ग) समग्र विकासको प्रभावलाई अधिकतम बनाउन नवीन र ज्ञानवर्दक विषयलाई विशेष अभ्यासमा ल्याई तिनीहरुलाई साझा गर्ने  र हस्तान्तरण गर्ने ।

घ) वर्ल्ड भिजनले चुनौतीपूर्ण वातावरणमा काम गर्छ, अनिश्चितताको व्यवस्थापन गर्ने गरी काम गर्छ, र पैसाको मूर्ल्य सुरक्षित हुने गरी परिवर्तित हुन्छ भन्ने कुरालाई स्वीकार गर्ने।

ङ) वर्ल्ड भिजनले लिएको विकासको लक्ष्यहरुलाई प्रतिबिम्बित गर्ने र गरिबी न्यूनीकरणको लागी प्रतिबद्धता जाहेर गर्ने ।

५) कुनै पनि स्वार्थ/विवादलाई हटाउनमा सहमती

आपूर्तिकर्ताहरुले कुनै पनि स्वार्थ/विवाद नहोस भन्नका लागि यी तल उल्लेख गरीएका कुराहरु खुलाउन सहमती जनाउनुपर्नेछ:



Initial___________

क) वर्ल्ड भिजन/ भिजन फण्डबाट आपूर्तिकर्ता वा कन्ट्र्याक्ट्र, वा उनीहरुका आफन्तहरुले आर्थिक लाभ लिनुहुन्छ/हुंदैन। (यसमा वर्ल्ड भिजन/भिजन फण्ड को कर्मचारी, एजेन्ट वा स्वतन्त्र कन्ट्र्याक्ट्रको रुपमा सेवा प्रवाह गर्नेहरु जस्ता पर्दछन्।)

ख) वर्ल्ड भिजन/भिजन फण्ड र आपूर्तिकर्ता वा कन्ट्र्याक्ट्र बीच कुनै चालु/चलिरहेको सम्झौता छ/छैन। (यसमा वर्ल्ड भिजन/भिजन फण्ड को लागी भएका परामर्शदाता, सेवा प्रदायक, वा आपूर्तिकर्ताहरु पर्दछन्।)

ग) वर्ल्ड भिजन वा भिजन फण्डको बोर्ड, सदस्य वा बरीष्ठ व्यपस्थापन टोलीसँग आपूर्तिकर्ता वा कन्ट्र्याक्ट्रको कुनै पनि पारिवारिक वा व्यावसायीक सम्बन्ध रहेको/नरहेको।

यसका अतिरिक्त, वर्ल्ड भिजन वा भिजन फण्डको स्वार्थको द्धन्द नीति अन्तर्गतमा आपूर्तिकर्ता वा कन्ट्र्याक्ट्रले उनीहरु स्वयंको कुनै पनि नाता, व्यापारीक सम्बद्धता, संलग्नता, पद तथा आर्थिक स्वार्थ र कुनै पनि उपहार तथा रकम कारोवारको लेनदेन भएको छैन भन्ने कुरा पुष्टी गर्दछनैं।

६) अन्तर्राष्ट्रिय श्रम अधिवेशनको पालना

क) वर्ल्ड भिजन/भिजन फण्डले आफ्ना आपूर्तिकर्ताहरु र आपूर्तिकर्तासँग सम्बद्ध रहेका उसका उप-कन्ट्र्याक्ट्रहरुले अन्तर्राष्ट्रिय श्रम सम्मेलनहरुको पालना गरोस् भन्ने अपेक्षा राख्दछ।

ख) कुनै पनि प्रकारको अवैधानीक श्रमको (बलको प्रयोग गरी, बन्धनमा राखी, ईच्छा विपरीत नजरबन्दमा राखी) प्रयोग गर्न प्रतिबन्धित छ।

ग) बाल श्रमको प्रयोग गर्न प्रतिबन्धित छ।

घ) कर्मचारी भर्ना तथा रोजगार आचरणहरुमा रङ्ग, धर्म, लिङ्ग, जात, उमेर तथा शारीरिक असक्षमताको आधारमा विभेध प्रतिबन्धित छ।

ङ) ज्याला, कार्य समयावधि, र संघको स्वतन्त्रता र संगठित हुने स्वतन्त्रता र संगठित हुने अधिकार साथै सामुहिक सौदाबाजी गर्ने अधिकारको कुरामा स्थानीय कानून पालना गर्ने।

च) कसैको पनि मानव अधिकारमा हनन पुर्याएको छैन भन्ने कुरालाई सुनिश्चित गर्दै मानव सुरक्षालाई समर्थन र सम्मान गर्ने।

छ) कार्यक्षेत्र वा अन्य उत्पादन स्थान सुरक्षीत र स्वस्थ हिसाबमा चलीरहेको छ भन्ने सुनिश्चित गर्ने।

७) वर्ल्ड भिजनको बालबालिका तथावयस्क सुरक्षा नीतिको पालना गर्ने।

क) आपूर्तिकर्ता वा कन्ट्र्याक्ट्रहरु जो वर्ल्ड भिजनको कार्यक्रमका बालबालिका वा वयस्क लाभग्राहीहरुको पहुँचमा वा उनीहरुको व्यक्तिगत तथ्याङ्कको पहुँचमा रहेका हुन्छन्, उनीहरुले अनीवार्य रुपमा व्यवहारीक सुरक्षा प्रोटोकलको पालना गर्नुपर्छ। (तल पृष्ठ ४ हेर्नुहोस्)



Initial___________

ख) बालबालिका वा वयस्क लाभार्थीहरुलाई हानि वा हानिको जोखीम हुने कुनै पनि घटनाहरु वर्ल्ड भिजनलाई तुरुन्तै रिपोर्ट गर्नुपर्नेछ ।

ग) बालबालिका वा वयस्क लाभार्थीहरु वा उनीहरुको व्यक्तिगत तथ्याङ्कमा पहुँच हुने कुनै पनि व्यक्तिहरुले, बालबालिकाहरु वा वयस्कहरु विरुद्धको दुर्व्यवहार नगरेको भनी कानुनले दिने सम्मको हदमा खुलाउनुपर्दछ । (अनुरोधको आधारमा वर्ल्ड भिजन लाई प्रमाण उपलब्ध गराउनुपर्नेछ ।)

८) बलियो पर्यावरणीय नीति हुनुपर्ने

क) वर्ल्ड भिजनले आफ्ना आपूर्तिकर्ताहरुबाट प्रभावकारी वातावरणीय नीति र वातावरण संरक्षणका लागी विद्यमान कानुन र नियमनहरुको पालना गर्नेछन् भन्ने अपेक्षा राख्दछ ।

ख) आपूर्तिकर्ताहरुले विशिष्ट वातावरणीय जिम्मेवारीको प्रवर्द्धनका साथै वातावरण मैत्री प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्न पहल गर्ने अपेक्षा गरिन्छ ।

ग) आपूर्तिकर्ताहरुले सम्भव भएसम्म गुणस्तरयुक्त प्रमाणीत व्यवस्थापन प्रणाली अवलम्बन गर्नुपर्दछ ।

९) भ्रष्टाचार र घुसखोरी विरुद्ध

क) वर्ल्ड भिजनले आफ्ना आपूर्तिकर्ताहरुले जबरजस्ती असुली, जालसाजी र घूसखोरी विरुद्ध नैतिक आचरण र सदाचारका उच्चतम मापदण्डहरु पालना गर्ने अपेक्षा राख्दछ ।

ख) उच्च गुणस्तरीय जोखिम व्यवस्थापनका साथै भ्रष्टाचार र जालसाजी विरुद्ध शून्य सहनशीलता लागू गर्नुपर्नेछ ।

ग) स्वार्थको विवादका रुपमा देखा पर्न सक्ने कुनै पनि अवस्था प्रष्ट पार्नुहोस् । तलको पृष्ठ ३ मा खुलासा फारम पूरा गर्नूहोस् ।

घ) Blocked Party Screening र फौजदारी अपराध सम्बन्धमा पृष्ठभूमि जाँचको लागी सहमत हुनुपर्नेछ ।



Initial___________

## स्वार्थ/विवादको द्वन्दको खुलासा पत्र
## आपूर्तिकर्ताहरुका लागि परिष्कृत वर्ल्ड भिजन स्ट्यान्डर्ड फारम
## फेब्रुअरी २०२० संस्करण

वर्ल्ड भिजनको आचार सहिंता पढ्दै गर्ने क्रममा र मेरो (हाम्रो) वर्ल्ड भिजन र भिजन फण्डसँगको सम्बन्ध परीक्षण गरीसके पश्चात, यदि कुनै सन्देह भएमा सम्बन्धलाई आगामी छलफलहरुका लागी खुला पार्नु पर्छ भन्ने उद्देश्यका साथ तल दिएका बुंदाहरु ध्यानपूर्वक समीक्षा गरी "हो" वा "होइन" मा चिन्ह लगाएको छु ।

"WV/VF" भन्नाले यहाँ वर्ल्ड भिजन वा भिजन फण्ड लगायत यीनीहरुसँग आबद्ध रहेका लघुवित्त संस्थाहरु बुझिन्छ । "आफन्त" भन्नाले कुनै रगत वा विवाहबाट जोडीएको व्यक्तिगत नाता भएको भन्ने बुझिन्छ । तल दिइएको प्रत्येक अभिव्यक्तिहरुमा आफुलाई लाग्ने उचित उत्तर अनुसार "हो" वा "होइन" मा गोलो लगाउनुहोस् ।

| | |
|---|---|
| १. हो/होइन | WV/VF बाट म/मेरो कम्पनी/व्यवसाय (वा मेरो नातेदार) ले आर्थिक लाभ लिन्छन् (यसमा WV/VF को स्वयंसेवक भएर काम गर्ने वा लाभार्थीको रुपमा रहेको जस्ता कुराहरु समावेश हुन्छन्)। (यदी उत्तर "हो", हो भने कृपया यस फारमको अन्त्यमा विवरणहरु प्रस्तुत गर्नुहोस् । ) |
| २. हो/होइन | म वा मेरो नातेदार यस WV/VF को तत्कालिन कर्मचारी हौं । (यदी उत्तर "हो" हो, भने कृपया यस फारमको अन्त्यमा विवरणहरु प्रस्तुत गर्नुहोस् । ) |
| ३. हो/होइन | म/मेरो कम्पनी (वा मेरो नातेदार) को र WV/VF को बीच चालु व्यावसायीक सम्झौता रहेको छ (यसमा WV/VF को परामर्शदाता, सेवा प्रदायक वा आपूर्तिकर्ता भएर रहेको जस्ता कुराहरु समावेश हुन्छन् )। ( यदी उत्तर "हो", हो भने कृपया यस फारमको अन्त्यमा विवरणहरु प्रस्तुत गर्नुहोस् । ) |
| ४. हो/होइन | WVI वा VFI को बोर्ड, सदस्य वा वरीष्ठ व्यपस्थापन टोलीसँग मेरो/मेरो कम्पनीको पारिवारिक वा व्यावसायीक सम्बन्ध रहेको छ । (यदी उत्तर "हो", हो भने कृपया यस फारमको अन्त्यमा विवरणहरु प्रस्तुत गर्नुहोस् । ) |

माथि १ देखी ४ मा दिइएको अभिव्यक्ति अनुसार यदी "हो" उत्तरमा गोलो लगाउनुभएको भए तल तिनीहरुको विवरण वर्णन गर्नुहोस् । त्यस्तै, माथि उल्लेख गरेअनुसार तपाईलाई केही चासोको विवाद प्रस्तुत गर्न वा टिप्पणी गर्न इच्छा छ भने कृपया त्यसको पनि विवरण तल राख्नुहोस् । यदी विवरण राख्ने ठाउँ अपुग भएमा थप पृष्ठ थप्न सक्नुहुनेछ ।



Initial___________

.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
.......................................................................................................................................
....................................................................

☐ यदी तपाई यस कुरासँग सहमत हुनुहुन्छ भने यो बाकसमा चिन्ह लगाउनुहोस्: माथि दिइएको १ देखी ४ सम्मको मेरो उत्तर सही छ भन्ने प्रमाणित गर्दछु । १ देखी ४ सम्मको उत्तरमा यदी मैले “हो” भन्नेमा चिन्ह लगाएको छु भने त्यसमा मैले वर्ल्ड भिजन वा भिजन फण्डको चासोको विवाद अन्तर्गत मेरो व्यावसायीक सम्बन्ध, संलग्नता, सम्बद्धता, पद, आर्थिक लाभ, उपहार, रकमको लेनदेन छैन भन्ने कुराको सुनिश्चित गर्दछु ।



Initial___________

# बालबालिका तथा वयस्क सुरक्षा व्यवहार नीति

वर्ल्ड भिजनको कार्यक्रम अन्तर्गत रहेका जोखिमयुक्त बालबालिका र वयस्कहरुको संरक्षण हाम्रो कामको सबै पक्षहरुका लागि महत्वपूर्ण **पाटो हो** । हामीले गर्ने सबै क्रियाकलापको मुख्य कुरा भनेको लाभार्थी बालबालिका र वयस्कहरुलाई कुनै पनि खालको हानी नपुग्ने गरी उनीहरुको अधिकारको सम्मान गर्नु हो । सो कार्य गर्दा कुनै पनि निर्णयहरुमा बालबालिका र वयस्कहरुलाई प्रमुख ध्यानाकर्षणको रुपमा राखेर उनीहरुको सर्वोत्तम हितको रक्षा गर्ने हाम्रो प्रतिबद्धता रहेको हुन्छ ।

त्यसकारण, आपूर्तिकर्ता/सम्बद्धाताहरु र उनीहरुका कर्मचारी (जस्तैः वर्ल्ड भिजनको साझेदारहरु, आपूर्तिकर्ताहरु, कन्ट्रयाक्टर्सहरु, परामर्शदाता र स्वयमसेवकहरु) ले लाभार्थी बालबालिका र वयस्कहरुको यौन शोषण र दुर्व्यवहार हुनबाट रोक्ने किसीमको संरक्षण कार्य गर्ने गर्नुपर्छ। त्यो सँगै **जानेर** वा अन्जानमा वर्ल्ड भिजनमा काम गर्ने मानिसहरुमा पर्ने सक्ने हानीलाई समेत ख्यालमा राखेर कार्य गर्ने गर्नुपर्छ ।

सबै आपूर्तिकताहरु र सम्बद्धहरुले वर्ल्ड भिजनसँगको गतिविधिमा सबै बालबालिका र वयस्क लाभार्थीहरुका लागी यी नीतिहरुको पालना गर्नुपर्ने हुन्छ । सुरक्षाको सन्दर्भमा, वर्ल्ड भिजनले 'लाभार्थी' को फराकीलो कार्यात्मक परिभाषा प्रयोग गर्दछ । जसमा लाभार्थी भन्नाले कुनै विषेश परियोजनाका प्रत्यक्ष लाभार्थीको रुपमा मात्र समावेश नगरेर वर्ल्ड भिजनका कार्यक्रमहरु रहेका स्थानमा वर्ल्ड भिजनसँग व्यावसाय गर्ने क्रममा आपूर्तिकर्ता वा सम्बद्धहरुबाट हानीको जोखीममा रहने बालबालिका वा वयस्कलाई पनि समावेश गर्दछ ।

**स्वीकार्य व्यवहार- आपूर्तिकर्ताहरु र सम्बद्धहरु (र उनीहरुका कर्मचारीहरु):**

क) बालबालिका र वयस्क लाभार्थीहरुको यौन शोषण र दुर्व्यवहारलाई रोक्न र ती सम्बन्धी व्यवहार नीतिहरुको कार्यान्वयनलाई बढावा दिने किसीमको वातावरणको सिर्जनाका साथै ती वातावरणलाई कायम गर्ने ।

ख) आपूर्तिकर्ताहरु आफ्नो भाषा, कार्यगत व्यवहार र बालबालिका तथा जोखिमयुक्त लाभार्थीसँगको सम्बन्ध प्रतिको धारणा र उपस्थितीबारे सजग रहने। सोही सजगताले व्यक्तिगत रुपमा र डिजिटल प्लेटफर्महरुमा, अनलाइन अफलाइन दुबै तरीकाबाट बालबालिका र वयस्क लाभार्थीहरु र तिनीहरुका अधिकारहरुप्रति सम्मान देखाउँने कुरालाई झल्काउँछ ।

ग) बालबालिका र लाभार्थीसँग सबै भौतिक र अनलाइन सम्पर्क स्थानीय चालचलन अनुसार उपयुक्त छ भनी सुनिश्चित गर्ने ।

घ) बालबालिकाहरुको व्यवहार व्यवस्थापन गर्न सकारात्मक र शान्तीपूर्ण विधि प्रयोग गर्ने ।

ङ) व्यक्तिगत व्यवहार र चालचलनका लागि संगठनको प्रतिनिधिको रुपमा जिम्मेवारी स्वीकार गर्ने ।

 Initial___________

च) बालबालिकाहरुले यौन अनुपयुक्त व्यवहार गरे पनि कूनै बालबालिकाको ब्यवहारको लागी निज आपूर्तिकर्ताको प्रतिक्रिया सधैँ जवाफदेही रहनेछ भन्ने जिम्मेवारी स्वीकार गर्ने ।

छ) बालबालिकाहरुसँग सम्झौतायुक्त र अतिसम्वेदनशील अवस्थीतिमा हुन बाट जोगीने ।

ज) वर्ल्ड भिजनको कार्य संञ्चालन गर्दा सम्भव र व्यवहारले भ्याए सम्म 'दुई वयस्क' नियम पालना गर्ने । जहाँ, सधै देखिने र उपस्थित हुने गरी संलग्न भई बालबालिकाहरुको गतिविधिहरुलाई दुई वा दुई भन्दा बढी वयस्कहरुले निरीक्षण गर्ने गर्छन् ।

झ) सुरक्षा सम्बन्धि अनुसन्धान (आन्तरिक र बाह्य) पालना गर्न र अनुसन्धान पुरा गर्न आवश्यक कुनै पनि वृत्तचित्र वा अन्य कुनै आफुसंग भएको जानकारी उपलब्ध गराउने ।

ञ) व्यक्तिविशेष बालबालिका वा वयस्क लाभार्थीहरुको बारेमा कुनै पनि व्यक्तिगत तथ्याङ्कको काम गर्दा तथ्याङ्क गोपनीय कानूनहरु र वर्ल्ड भिजनको डिजीटल बाल सुरक्षा नीतिहरु सहित सान्दर्भिक वर्ल्ड भिजन तथ्याङ्क गोपनीयता र सूचना सुरक्षा नीतिहरुको पालना गर्ने । त्यस्ता तथ्याङ्कहरु संकलन र प्रयोग गर्दा न्यूनतम आवश्यकतालाई पालना गर्दै सुरक्षीत गोप्य तरीकामा व्यवस्थापन तथा स्थान्तरण गर्ने ।

ट) कुनै पनि ज्ञात वा शंकास्पद सुरक्षा घटना घटेमा वा वर्ल्ड भिजनको कर्मचारी वा वर्ल्ड भिजन**संग सम्बन्धित** वा कुनै अन्य एजेन्सीबाट मानवीय सहायता कार्यकर्ताले यस नीतिको उल्लङ्घन गरेमा स्थापित रिपोर्टीङ्ग संयन्त्रहरु मार्फत तुरुन्तै रिपोर्ट गर्ने । 'मानवीय सहायता कार्यकर्ता' मा सबै भुक्तान गरिएका कर्मचारीहरु, स्वयंमसेवकहरु, कन्ट्रयाक्टर र आपत्कालीन राहत वा विकास सहायता प्रदान गर्ने संस्थाका अन्य सम्बद्धहरु समावेश हुन्छन् । त्यस्ता संस्थाहरुमा संयुक्त राष्ट्र संघंका निकायहरु INGOs, LNGOs, र CBOs पर्दछन् ।



Initial___________

**अस्वीकार्य व्यवहार- आपूर्तिकर्ताहरु र सम्बद्धहरुले (र उनीहरुका कर्मचारीहरु) नगर्ने:**

क) देशको कानुनी नियमले तोकेको सहमती चयन गर्न सक्ने उमेर भन्दा बाहीर रहेर बालबालिकाहरु (१८ वर्ष भन्दा मुनी) सँग अनुपयुक्त शारीरीक व्यवहार, वा यौन सम्बन्धको विकास गर्ने किसीमको व्यवहार गर्न पाइने छैन। जसले माथि उल्लेखित व्यहोरा (१८ वर्ष मुनीको विवाह) लाई पनि सहमती र अनुमोदनमा समावेश गर्छ ।

ख) कुनै पनि उमेरको कुनै पनि लाभार्थीसँग यौन सम्बन्ध विकास गर्न स्वीकार्य र सह्य हुनेछैन किनभने तिनीहरु अन्तर्निहित असमान शक्ति गतिशिलतामा आधारित रहेका हुन्छन् । यस्ता सम्बन्धहरुले वर्ल्ड भिजनको मानवीय सहायता वा विकास कार्यको विश्वसनीयता र अखण्डतालाई कमजोर बनाउँछ ।

ग) कुनै पनि लाभार्थी (बालबालिका वा वयस्क) विरुद्ध यौन शोषण: यस्तो व्यवहारले घोर दुराचारको कार्य जनाउँछ ।

घ) यौनको लागी हुने पैसाको लेनदेन, रोजगारी, बस्तु तथा सेवाहरु (यौन अनुग्रह, अन्य प्रकारका अपमानजनक अवमुल्यन वा शोषणकारी व्यवहार वा यौनकर्मी भाडामा लिने लगायत) अन्य किसिमका शोषणजन्य मागहरुलाई कडा रुपमा निषेध गरिएको छ। यसले लाभार्थीलाई बुझाउन बाकी रहेका लेनदेन सहयोगलाई समेत समावेश गर्दछ ।

ङ) अनुपयुक्त वा सांस्कृति रुपमा असम्वेदनशील रहि लाभार्थी बालबालिकाहरुलाई माया गर्ने, समात्ने, छुने, अँगालो हाल्ने वा चुम्बन गर्ने जस्ता क्रियाकलापहरु गर्न पाइने छैन ।

च) बालबालिका वा बयस्क लाभार्थीलाई त्यस्तो भाषा प्रयोग गर्न वा सुझाव दिन वा प्रस्ताब गर्न पाईनेछैन जो अनुपयुक्त वा अपमानजनकका साथै र्शम पैदा गर्ने वा तिरस्कार गर्ने वा बेइज्जत गर्ने वा बदनाम गर्ने खालको होस ।

छ) बालबालिका वा वयस्क लाभार्थीसँग एक्लै, अरुबाट टाढा, बन्द कोठामा वा एकान्त क्षेत्रमा अत्याधिक वा अनावश्यक समय बिताउन पाइने छैन ।

ज) गैर कानुनी, असुरक्षीत वा अपमानजनक लगायत हानीकारक परम्परागत अभ्यास, आध्यात्मिक र धार्मिक विषयमा आधारित भएर बालबालिका वा वयस्क लाभार्थीसँग भाग लिन पाइने छैन ।

झ) बालबालिकाको हित भन्दा बाहिर रहेर र स्थानीय वा अन्तराष्ट्रिय मापदण्डहरु भन्दा बाहिर रहेर बालबालिकाहरुलाई कुनै पनि प्रकारको बाल श्रम (घरेलु सहयोग समेत) मा काम लगाउन पाइने छैन । ('बाल श्रम' भनेको मानसिक, शारीरिक, सामाजिक वा नैतिक रुपमा बालबालिकाका लागि खतरनाक र हानिकारक वा उनीहरुको विद्यालयको पढाइमा समेत बाधा पुर्याउने काम हो । यदि अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) ले अनुमति दिएमा र वयस्कहरुले प्राप्त गर्ने कुनै पनि फाइदाभन्दा बालबालिकाको हितलाई प्राथमिकतामा राखेमा भने 'बाल काम' लाभदायक हुनसक्छ ।

ञ) बालबालिका वर्ल्ड भिजनको हेरचाहमा हुदा वा वर्ल्ड भिजनका कर्मचारी वा सम्बद्ध व्यक्तिले वर्ल्ड भिजनमा काम संञ्चालन गरिरहेको बेला ती बालबालिका विरुद्ध अन्य शारीरिक दण्ड दिन वा प्रयोग गर्न पाइने छैन ।

ट) अतिआवश्यक नभए सम्म र अभिभावक/संरक्षक र ब्यावस्थापकिय सहमति बिना बालबालिकालाई वर्ल्ड भिजनका कामको लागि गाडीमा एक्लै लैजान पाइने छैन ।

ठ) व्यक्तिविशेष बालबालिका वा वयस्क लाभार्थीहरुको बारेमा व्यक्तिगत तथ्याङ्कको दुरुपयोग वा लार्पवाही गर्न पाइने छैन ।

ड) वर्ल्ड भिजनको कार्यक्रम क्षेत्रमा डीजीटल प्लेटफर्म (जस्तैः फेसबुक, टुवीटर), मोबाइल प्रविधि (जस्तैः टेक्स्टिङ्ग, व्हाट्सएप, स्काइप) वा अभिभावकको जानकारी र सहमति बिना अनलाइन माध्यम प्रयोग गरेर बालबालिकाहरुसँग कुराकानी गर्न पाइने छैन । यसबाहेक, वर्ल्ड भिजनका कर्मचारीहरु, सम्बद्धहरुले कहिल्यै पनि मोबाइल, डिजिटल वा अनलाइन प्लेटफर्महरुमार्फत बालबालिका वा वयस्क लाभार्थीहरुसँग अनुपयुक्त वा यौनजन्य तरिकामा कुराकानी गर्न पाइने छैन ।

ढ) वर्ल्ड भिजनको कर्मचारी वा सम्बद्धद्धारा कुनै पनि शंकास्पद सुरक्षा घटना वा सुरक्षा नीति उल्लङ्घन गरेर चुप रहन, लुकाउन पाइने छैन ।

☐ यी माथि उल्लेखित बुदाहरुसँग सहमत हुनुहुन्छ भने यो बाकसमा चिन्ह लगाउनुहोस् : मैले माथि दिइएको वर्ल्ड भिजनको बालबालिका र वयस्क सुरक्षा नीति पढे, बुझे र त्यसअनुसार ती नीतिहरुको पूर्णतया पालना गर्न सहमत भएको छु ।



Initial___________

**वर्ल्ड भिजन आपूर्तिकर्ता आचारसहिंताको स्वीकृति विवरण/अभिव्यक्ति**

तलको मेरो हस्ताक्षरले पुष्टि गर्छ कि मैले/हामी/आपूर्तिकर्ताले वर्ल्ड भिजनको आपूर्तिकर्ता आचार सहिंता सम्बन्धि माथि उल्लेखित सिद्धान्तहरु पढे /पढ्यौं र पुर्णरुपमा बुझेको छु /छौं। वर्ल्ड भिजन आपूर्तिकर्ता आचारसहिंताका सिद्दान्तहरुमा सहमत छु/छौं र सो को लागि वर्ल्ड भिजनले उपयुक्त लागेका सबै पृष्ठभूमीहरु जाँच गर्ने अधिकारको लागि सहमत भएको छु। यी आचार सहिंतासँग अमान्य हुने खालको कुनै पनि कार्य लगायत यी नीतीहरुले दिइएको आदेशअनुसार कार्य गर्न असफल भएमा वर्ल्ड भिजनसँगको व्यावसायिक सम्बन्ध समाप्त हुन सक्छ भन्ने पनि बुझेको छु /छौं।

प्रिन्ट नाम र आपूर्तिकर्ता प्रतिनिधिको शिर्षक हस्ताक्षर

कम्पनी/आपूर्तिकर्ताको नाम मिति

प्रिन्ट नाम र आपूर्तिकर्ता प्रतिनिधिको शिर्षक हस्ताक्षर

कम्पनी/आपूर्तिकर्ताको नाम मिति